आज मिति २०८१।०३।१० गते गाउँपालिकाका अध्यक्ष श्री राजावावु यादव ज्यूको अध्यक्षतामा बसेको १४ गाउँ अधिवेशनको बैठकमा निम्नअनुसारको उपस्थिति रहि तल उल्लेखित बमोजिमको प्रस्तावहरु माथि छलफल भै निर्णय भयो ।

<u>तपसिल</u>

अध्यक्ष श्री राजावावु यादव ज्यू

उपाध्यक्ष श्री गिता देवी साह ज्यू

१ नं. वडा अध्यक्ष श्री ब्रह्मदेव चौधरी ज्यू

२ नं. वडा अध्यक्ष श्री सदानन्द यादव ज्यू

३ नं. वडा अध्यक्ष श्री अजय यादव ज्यू

४ नं. वडा अध्यक्ष श्री विरेन्द्र ठाकुर ज्यू

५ नं. वडा अध्यक्ष श्री श्रीनन्दन प्रसाद यादव ज्यू

६ नं. वडा अध्यक्ष श्री गुदर साह ज्यू

७ नं. वडा अध्यष श्री गौरी शंकर पंडित ज्यू

कार्यपालिका सदस्य श्री सुचैन पंडित ज्यू

कार्यपालिका सदस्य श्री रामकेशर दास ज्यू

कार्यपालिका सदस्य श्री धनमन्ती देवीमहतो ज्यू

कार्यपालिका सदस्य श्री गीता देवी ज्यू

कार्यपालिका सदस्य श्री रामवती देवी ज्यू

कार्यपालिका सदस्य श्री राधिका देवीधोविन ज्यू

वडा सदस्य श्री रामएकवाल राय

वडा सदस्य श्री चन्हीया देवी

वडा सदस्य श्री पनीलाल सहनी मलाहा

वडा सदस्य श्री इनसाद मियाँ

वडा सदस्य श्री चन्द्रीका देवी

वडा सदस्य श्री रामानन्द राय

वडा सदस्य श्री शिवजी दास

वडा सदस्य श्री जगरनाथ सहनी

वडा सदस्य श्री संभ्फादेवी यादव

वडा सदस्य श्री रन्जु कुमारी

वडा सदस्य श्री दयाराम राउत कुर्मि

वडा सदस्य श्री पवित्रि देवी वैठा

वडा सदस्य श्री वुटाइ सहनी

वडा सदस्य श्री मुगलाल राय

वडा सदस्य श्री रामसुवेस राय

वडा सदस्य श्री लिलावती देवी

वडा सदस्य श्री निर्मला देवी

वडा सदस्य श्री अशोक कुमार सिंह

वडा सदस्य श्री दरोगा राय

वडा सदस्य श्री मरछिया कुमारी

वडा सदस्य श्री शेषनाथ हजारी

वडा सदस्य श्री उषा देवी

वडा सदस्य श्री जुगातीं वैठा धावी

वडा सदस्य श्री शैल देवी

सदस्य सचिव श्री कृष्ण कुमार यादव ज्यु

**प्रस्ताव नं.१ आर्थिक वर्ष ०८१।०८२ को निति तथा कार्यकम पारित सम्बन्धमा ।**

निर्णय नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा आर्थिक वर्ष ०८१।०८२ को गाउँपालीका,वडा कार्यालयबाट समुदायमा व्यापक छलफल गरि गाउँ कार्यपालीका वैठकबाट पारित भइ पेश भएको आर्थिक वर्ष ०८१।०८२ को निति तथा कार्यकम माथि व्यापक छलफल गरि सर्व सम्मतीले पारित गरियो ।

रामनगर गाउँपालिकाको चौधौ  गाउँसभाको प्रमुख अतिथि ज्यु,अतिथि ज्युहरु गाउँसभाको उपाध्यक्ष ज्यु, गाउँसभाका सदस्य ज्युहरु,कार्यपालीकाका सदस्य ज्युहरु,प्रमुख प्रशासकीय अधिकृत ज्यु ,सुरक्षा कर्मी ज्युहरु,पत्रकार ज्युहरु र यस गाउँपालीकामा कार्यरत सम्पुर्ण कर्मचारी लगायत उपस्थित सम्पुर्ण महानुभावहरु ।

१, नेपालको संविधान,२०७२ ले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय तह सदस्यको निर्वाचन २०७९ बैशाख ३० गते सम्पन्न भए पछि स्थानीय सरकारको चौधौ गाउँ अधिवेशन शुरु भएको छ । यस अवसरमा सर्वप्रथम गौरवमय दोस्रो स्थानीय सरकारको तेस्रो गाउँसभाबाट संघीय लोकतान्त्रीक गणतन्त्र स्थापना गर्न प्राण आहुती गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्न चाहान्छु । यसै गरी यो गाउँपालीकाको तीव्र विकास र समृद्धिको कार्यदिशा अगाडी बढाउन र यहाका समस्त नागरिकहरुको सुखी जिवन निर्माणको लागि हामिलाइ यो महत्वपुर्ण जिम्मेवारी र कार्यभार सुम्पने सवै गाउँवासी शुभेच्छुक र सरकारवालाहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । सार्वभौमसत्ता सम्पन्न यस गाउँपालिकाका जनताहरुबाट राज्य शक्तिको प्रयोग गर्ने वैधानिकता प्राप्त भएको यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले आफुलाइ गौरवान्वित महशुस गरेको छु । वार्षिक नीती तथा कार्यकम तर्जुमाका कममा गाउँपालीका विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा,वुवा,दाजभाइ तथा दिदि बहिनीहरु लगायत सहजकर्ताहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

२, अव म आगामी आर्थिक वर्ष ०८१।०८२ को बजेटमा विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती निम्नअनुसार प्रस्तुत गर्न चाहान्छु ।

- हाम्रा लागि देहाय बमोजिमका अवसरहरु रहेकाछन :–

  क) संविधानत : अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को आय व्ययको विवरण प्रस्तुत गर्न गईरहेको छु ।

रामनगर गाँउपालिकाले प्रस्तावित वजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलत: नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सुची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालयल र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजकि संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी देशको आर्थिक क्षेत्रमा उत्पन्न कठिन परिस्थिति र विश्वव्यापी रुपमा आएको आर्थिक मन्दिको कारण ओरालो लागेको अर्थतन्त्र सँग जुध्दै रामनगरवासीको जीवनस्तर सहज बनाउन आईपरेका चुनौतिलाइ सम्बोधन गर्दै सुशासन मार्फत समग्र पालीकाको समृद्धिका लागि सहयोग पुग्ने ध्येयका साथ स्थानीय सरकारको बजेट तथा कार्यकम समितिको संयोजकको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष ०८१।०८२ को वार्षिक बजेट तथा कार्यकम प्रस्तुत गर्न उपस्थित भएको छु ।

आगामी आर्थिक वर्ष ०८१।८२ को कुल बजेट ३६,१३,५४,०००।-(अक्षेरुपी छत्तिस करोड तेह्र लाख चौवन्न हजार मात्र) मध्ये वित्तीय समानीकरण तर्फ संघिय र प्रदेश गरि जम्मा  रकम रु.१०,९२,९३,०००।- (अक्षेरुपी दश करोड वयानब्बे लाख त्रिरानब्बे हजार मात्र ) र शसर्त अनुदान तर्फ संघिय र प्रदेश गरि जम्मा रकम रु.१३,४७,६१,०००।- (अक्षेरुपी तेह्र करोड सतचालीस लाख एकसठी हजार मात्र ),विशेष अनुदान संघ र प्रदेश गरि रकम रु.३०,००,०००।–(अक्षेरुपी तिस लाख मात्र ) र समपुरक अनुदान संघ र प्रदेश गरि जम्मा रकम रु.८५,००,०००।–( अक्षेरुपी पचासी लाख मात्र) गरी नेपाल सरकार र प्रदेश सरकार अन्तर सरकारी वितिय हस्तातरणको जम्मा रकम रु.२५,५५,५४,०००।–(अक्षेरुपी पच्चिस करोड पचपन्न लाख चौवन्न हजार मात्र) को अधिनमा रहि विनियोजित गरेको छु ।

आन्तरकि श्रोत तर्फ रकम रु.१५,००,०००।–(अक्षेरुपी पन्ध्र लाख मात्र),राजस्व बाडफाड संघ र प्रदेश गरि जम्मा रकम रु.८,५८,००,०००।–(अक्षेरुपी आठ करोड अन्ठाउन्न लाख मात्र) र बैक मौज्दात २,५०,००,०००।–(अक्षेरुपी दुइ करोड पचास लाख मात्र) गरि जम्मा बजेट रु.३६,१३,५४,०००।–(अक्षेरुपी छत्तिस करोड तेह्र लाख चौवन्न हजार मात्र ) आम्दानीको आकलन गरिको छु ।

कुल बजेट मध्ये चालु खर्च रकम रु.१९,७१,६१,०००।–(अक्षेरुपी उन्नाइस करोड एकहत्तर लाख एकसठी हजार मात्र) र पुजीगत खर्च रकम रु.१६,४१,९३,०००।–( अक्षेरुपी सोह्र करोड एकचालीस लाख त्रिरानब्बे हजार मात्र) विनियोजन गरेको छु भने विषयगत क्षेत्रहरुमा निम्नानुसार बजेट विनियोजन गरेको छु । साथै शिक्षा स्वास्थ्य र कृषि क्षेत्रलाइ आर्थिक वर्षको बजेटमा विशेष प्राथमिकता दिएको छु ।

१.कार्यालय संचालन तथा प्रसाशनीक क्षेत्रमा रकम रु.६,३२,७४,०००।–

२.आर्थिक विकास

क) कृषि तर्फ रकम रु.३,७०,२८,६००।–

ख)उद्योग तर्फ रकम रु.२०,००,०००।–

ग) पर्यटन तर्फ रकम रु.६,००,०००।–

घ) सहकारी तर्फ रकम रु.९,००,०००।–

ङ) पशुपन्छि विकास तर्फ रकम रु.२९,८०,०००।–

च) भुमी व्यवस्था तर्फ रकम रु.१६,००,०००।-

३.पुर्वाधार विकास

क.यातयात पुर्वाधार तर्फ रकम रु.५,०७,०९,३१०।–

ख)भवन आवस तथा सहरी विकास तर्फ रकम रु.२,३१,२५,४१०।–

प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, यस क्षेत्रका बुद्धिजिबी तथा राजनैतिक दलका मित्रहरु एव प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नु भएका रामनगर गाउँपालिकाका सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

यस रामनगर गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भभाव र सहयोग पुऱ्याउनुहुने रामनगर गाउँपालिकाको जनसमुदाय,कर प्रदायकहरु, विकासका साझेदार सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरु प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोग अपेक्षा गरेको छु ।

धन्यबाद ।

..............................

राजाबावु यादव

अध्यक्ष

रामनग गाउँपालीका सर्लाही